कार्यपालिका बैठक संख्या :- ८८

बैठक मिति :- २०७७०७२०

अध्यक्षता :- नगर प्रमुख श्री द्वारिकलाल चौधरी

**निर्णय नं. १**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस कोभिड-१९ को संक्रमण दिन प्रतिदिन बढ्दै गएको अवस्थामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पिसिआर परिक्षणका लागि जारी गरेको नयाँ मापदण्ड अनुसार आर्थिक रुपले विपन्न, अशक्त, असहायक नागरिक, असहायक एकल महिला, अपाङ्गता भएको नागरिक, ज्येष्ठ नागरिक, अग्रस्थानमा खटिने स्वास्थ्यकर्मी, सरसफाई कर्मचारी, सुरक्षाकर्मी, जोखिम क्षेत्रमा कार्यरत कर्मचारीहरुको निःशुल्क कोरोना परिक्षण गर्ने व्यवस्था भए बमोजिम त्यस्ता खालका नगरबासीहरुको निःशुल्क कोरोना परिक्षण गर्ने र अन्य व्यक्तिहरुको कोरोना परिक्षणका लागि वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान सँगको समन्वय र सहकार्यमा थप परिक्षण गर्नका लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

जनता माध्यमिक विद्यालय, इटहरीले आगामी शैक्षिक सत्र देखि विद्यालयमा स्नातक तहका कक्षाहरु संचालनका लागि विद्यालयलाई कक्षा कोठाहरु पर्याप्त नभएकोले विद्यालयका लागि राष्ट्रिय योजना आयोगको विशेष अनुदान कार्यक्रम अन्तर्गत विद्यालय भवन निर्माण अनुदान मागका लागि सिफारीस माग भई आएको हुँदा माग बमोजिमको सिफारीस दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

आ.ब.२०७६।०७७ को स्वीकृत नगरस्तरीय योजना बेलास धमलाको घर देखि खोल्सा सम्म कालोपत्रे इटहरी २ को लागि रु. १३,१३,०००। (तेह्र लाख तेह्र हजार) बजेट बिनियोजन भई आसफाल्ट प्रविधिबाट १८७.०२ कालोपत्रेका लागि सम्झौता भई पहिलो किस्ता भई सकेकोमा उपभोक्ता समितिको माग बमोजिम आसफाल्ट प्रविधिद्धारा कालोपत्रे गर्दा बाटो पुरै कालोपत्रे नहुने भएको हुँदा प्रिमिक्स प्रविधिबाट कालोपत्रे गर्दा पुरै बाटो कालोपत्रे हुने भएकोले योजना संसोधन माग भई आए बमोजिम उक्त बाटोको योजना संसोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

चालु आ.ब. २०७७।०७८ को नीति, कार्यक्रम तथा बजेटको समपुरक कोष अन्तर्गत नर बहादुर कर्माचार्य स्मृती भवन निर्माण, इटहरी ३ का लागि रु.१०,००,०००। (दश लाख) विनियोजन भएकोमा उक्त योजना संसोधन गरी उक्त रकमबाट कम्प्युटर तथा कार्यालय सामाग्री खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

इटहरी, सुनसरी
प्रदेश नं.१ सुनसरी, नेपाल
स्था. २०७३

नि.प्रमुख प्रशासकीय अधिकृत